## प्रधान सेनापति महारथी श्री राजेन्द्र क्षत्रीज्यूबाट "नववर्ष-२०७४" को उपलक्ष्यमा नेपाली सेनाका सकलदर्जालाई दिनु भएको सन्देश

१. स्वदेश तथा विदेशका विभिन्न स्थानहरुमा तैनाथ रही अहोरात्र आफ्नो कर्तव्य निर्वाह गरिरहनु भएका नेपाली सेनाको सकलदर्जा, नेपाली सेना अन्तर्गत सेवारत निजामती कर्मचारीहरु, अवकाश प्राप्त सैनिकहरु एवं सम्पूर्ण परिवारजनमा मेरो व्यक्तिगत तथा समस्त नेपाली सेनाको तर्फबाट "नववर्ष–२०७४" को सुखद उपलक्ष्यमा सुख, शान्ति, सु–स्वास्थ्य एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

२. नेपाली सेना यो देश तथा सारा नेपाली जनताको राष्ट्रिय सेना हो । देशको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधिनताको रक्षा गर्नु हाम्रो परम् कर्तव्य हो । हामी आफ्नो कर्तव्य पथमा अडिग रही देशको गौरवमय इतिहासलाई जिवन्त राख्नमा सदैव तल्लिन रहेका छौं । राष्ट्र सुरक्षाको महत्वपूर्ण जिम्मेवारी वहन गर्दै सम्पूर्ण नेपाली जनताको सर्वोपरि हितमा आफूलाई समर्पण गर्न पाउनु हाम्रो लागि सुवर्ण अवसर हो ।

३. विश्वका द्वन्द्वग्रस्त मुलुकहरुमा शान्ति स्थापनार्थ तैनाथ हुँदाको बखतमा होस् वा स्वदेशमा नेपाली सेनाले देखाएको कार्य दक्षता सर्वत्र प्रशंसाको विषय बन्दै गइरहेको छ । आफूलाई प्राप्त जिम्मेवारी निर्वाहको क्रममा तपाईं हामीले प्रदर्शन गरेको कार्य दक्षताको कारण नेपाली सेना जनता माँझ विश्वासिलो र भरपर्दो आशाको केन्द्रविन्दु बन्दै गइरहेको छ । सेनाको छवीलाई दिन प्रतिदिन थप उचाइ प्रदान गर्न तपाईंहरुले दिनु भएको योगदानको म मुक्तकण्ठले प्रशंसा गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

४. लामो समयको अन्तराल पछि अबको केही दिनमा स्थानीय तहको निर्वाचन हुन गइरहेको छ । बिगतको संविधानसभा चुनावको दौरान नेपाली सेनाले निभाएको भूमिका ज्यादै प्रशंसनीय रहेको तथ्य हामी सबैलाई सर्वविदितै छ । हामी, सदा झैं यस पटक पनि निर्वाचनको दौरान नेपाल सरकारले तोकेको सुरक्षा जिम्मेवारीहरु पूरा गरी आफ्नो कर्तव्य निर्वाह गर्न कटिबद्ध रहने छौं ।

५. अन्त्यमा, नेपालको संविधान र नेपाल सरकारले सुम्पेका जिम्मेवारीहरू सम्पन्न गर्न नेपाली सेनाका सकलदर्जालाई सदा झैं दृढ र एकताबद्ध रहन प्रेरणा मिलोस् भन्दै, उत्तरोत्तर प्रगतिको कामना सहित पुनः "नववर्ष–२०७४" को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

जङ्गी अड्डा ।
मिति २०७३/१२/२८ गते ।

राजेन्द्र क्षत्री
महारथी
प्रधान सेनापति